प्रमाणिकरण गर्नेः

...............................

विजय कुमार चौरसिया

गाउँसभाबाट स्वीकृत मितिः- २०७८/०३/०३

प्रमाणिकरण मितिः- २०७८/०३/०३

# पकहाँ मैनपुर गाउँपालिका

# आर्थिक ऐन , २०७८

पकहा मैनपुर गाउँपालिका

पकहाँ मैनपुर

# पकहाँ मैनपुर गाउँपालिकाको आर्थिक ऐन, २०७८

**गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७८**

**प्रस्तावनाः** गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्कदस्तुर र जरिवाना, संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम पकहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७८"** रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि पकहाँ मैनपुर गाउँपालिकामा लागू हुनेछ।

**२. सम्पति कर :**

गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत) :**

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४. घर वहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय कर :**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७३

सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७३

**१४. पर्यटन शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. निकासी शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन वा उत्खनन भई निकासी हुने सामग्रीहरुमा अनुसूची (१४) मा उल्लेखित दरमा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१६. नक्सा पास शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वन्ने घर तथा संरचना निर्माणमा अनुसूची (१५) मा उल्लेखित दरमा नक्सा पास शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१७. अन्य शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पोखरी, तालतलैया, तथा बगैचाहरुमा अनुसूची (१६) मा उल्लेखित दरलाई न्यूनतम अंङ मानी ठेक्का लगाई आम्दानी गर्न सक्नेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१८. अन्य विविध शुल्क :**

यस ऐनमा नखुलेको तर माग भई आएका सिफारिस प्रमाणित लगायतको शुल्क अनुसूची (१७) मा उल्लेखित दरलाई न्यूनतम अंङ मानी अशुल गर्न सक्नेछ ।

**१९. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची (१)**

**सम्पती कर**

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | सम्पती कर | - |

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७३

| | | |
|---|---|---|
| २ | जम्मा | - |

नेपाल सरकारले निर्देशन दिएमा वा कानूनद्धारा अनिवार्य गरेमा सोही अवस्थामा कायम गरिए वमोजिम सम्पती कर दररेट निर्धारण गरी लागु गरिनेछ ।

## अनुसूची (२)
## मालपोत

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | मालपोत भुमिकर | जमिन | |
| | | अब्बल प्रति कठ्ठा | १० |
| | | दोयम प्रति कठ्ठा | ८ |
| | | सीम प्रति कठ्ठा | ७ |
| | | चार प्रति कठ्ठा | ५ |
| | | नखुलेको खेति योग्य जमिन | १० |
| | | नखुलेको बञ्जर जमिन | ५ |
| | | बाँझो राखेको खेति योग्य जमिन | १५ |
| | | घडेरीको जग्गामा प्रति धुर | १५ |
| | | उद्योग भएको जग्गामा प्रतिकठ्ठा | १०० |

नोटःचालू आर्थिक बर्षभित्र कर नबुझाउनेलाई दोस्रो बर्ष जम्मा कर रकममा २५प्रतिशत, तेस्रो बर्षमा ३५ प्रतिशत गरी प्रत्येक थप बर्षमा १० प्रतिशत थप जरिवान ।लाग्नेछ । तर आ.व. ०७४/०७५ भन्दा अगाडीको मालपोत रकम र जरिवाना साविककै नियम र दररेट अनुसार लाग्नेछ ।

## अनुसूची (३)
## वहाल कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| 1 | वहाल कर (घर संरचना टहरा जग्गा) | कुल भाडाको १० प्रतिशत | कुल भाडाको १० प्रतिशत |
| | जम्मा | | |

## अनुसूची (४)

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३

## व्यवसाय करः

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | मदिरा तथा हल्का पेय पदार्थ पसल | वितरक | ५०० |
| | | थोक | ४०० |
| | | खुद्रा | ३०० |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | ५०० |
| | | थोक | ३०० |
| | | खुद्रा | २०० |
| ३ | सुन चाँदी पसल | थोक | ५०० |
| | | खुद्रा पसल र मर्मत | १००० |
| ४ | औषधी पसल | थोक | १००० |
| | | खुद्रा पसल र मर्मत | ५०० |
| ५ | माछा मासु बिक्रि पसल | | ५०० |
| ६ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ७ | एग्रोभेट पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| ८ | स्टेशनरी तथा पुस्तक पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| ९ | छपाई तथा प्रकाशन | अफसेट प्रेस | ५०० |
| | | साधारण प्रेस | ३०० |
| १० | कस्मेटिक पसल | | ५०० |
| ११ | मोटर पाट्स | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १२ | प्लाई तथा ग्लास | थोक | ५०० |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | | खुद्रा | ३०० |
| १३ | कपडा/फैन्सी/जुत्ताचप्पल/व्याग पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १४ | धागो टाक पसल | थोक | २०० |
| | | खुद्रा | १०० |
| १५ | ईलेक्ट्रोनिक पसल (मोबाईल, घडी, क्याल्कुलेटर, अडियो, भिडियो आदि ) | थोक | ५०० |
| | | खुद्रा | ५०० |
| १६ | हार्डवयेर/मेशिनरी/स्यानिटरी/मार्बल पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १७ | पेट्रोलिय मपदार्थ | पेट्रोल पम्प | ५००० |
| | | पेट्रोल बिक्रि केन्द्र | ३०० |
| | | ग्यास सिलिन्डर सब डिलर | ५०० |
| | | मट्टितेल मात्र बिक्रि | २०० |
| १८ | स्टिल आलमुनियम पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १९ | फर्निचर | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २० | ढुङ्गा तथा गिट्टी बालुवा बिक्रि वितरण | | ५०० |
| २१ | कपडा सिलाई केन्द्र | टेलरिङ आधुनिक | ५०० |
| | | हाते मेसिन | ३०० |
| २२ | स्नुकर तथा पुल हाउस | | ३०० |
| २३ | क्यारेमबोर्ड | | २०० |
| २४ | पशु आहार बिक्रि केन्द्र | | ५०० |
| २५ | किराना पसल | थोक | ५०० |

पकहाँमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं.२, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| | | खुद्रा | ३०० |
| २६ | फलफुल/तरकारी पसल | थोक | २०० |
| | | खुद्रा | १०० |
| २७ | उपहार/गिफ्ट/खेलौनी पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| २८ | भाँडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनियम सबैथरी | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २९ | माटाको भाँडा पसल | थोक, खुद्रा | ५०० |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | १००० |
| | | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | १००० |
| | | कानुनीव्यवसायी ल फर्म | १००० |
| | | लेखापरीक्षण व्यवसायी | १००० |
| | | दन्तचिकित्सक | १००० |
| | | अनुसन्धानकर्ता परामर्श दाता | १००० |
| | | पशु चिकित्सक डाक्टर | ५०० |
| | | रोजगार सेवा | ५०० |
| ३१ | ढुवानी तथा ट्रान्सपोर्ट | | ५०० |
| ३२ | पेन्टर/साईनबोर्ड लेख्ने | | २०० |
| ३३ | जग्गा व्यवसायी | | १००० |
| ३४ | निर्माण व्यवसायी (घ) वर्ग | | १००० |
| ३५ | ट्राभल एजेन्सी | | ५०० |
| ३६ | ग्रील उद्योग | | ५०० |
| ३७ | जुत्ता उद्योग | | ३०० |
| ३८ | घरेलु कुटिर उद्योग (टीकी, अगरबत्ती, | | २०० |

पकहाँमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं.२, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| | मैनबत्ती, अचार तथा अन्य कुटिर ) | | |
| ३९ | कपडा तथा गार्मेन्ट उद्योग | | ५०० |
| ४० | सिरक डसना उद्योग पसल | | ५०० |
| ४१ | कुटानी पेलानी/मिल | | ३०० |
| ४२ | मसला मिल | | ३०० |
| ४३ | इट्टा उद्योग | | १५००० |
| ४४ | टायल उद्योग | | १००० |
| ४५ | सोलार पसल | | ३०० |
| ४६ | डेरी उद्योग/व्यवसाय | | ३०० |
| ४७ | उपभोग्य बस्तु उत्पादनउद्योग | कुकिज नुडल्स | ३०० |
| | | दालमोट, पाउरोटी, चाउमिन | ३०० |
| | | पापड, चिप्स,फिगर | ३०० |
| ४८ | वनजन्यउद्योग | स मिल प्लाइउड उद्योग | ३००० |
| | | काठ बिक्रि डिपो | ३००० |
| ४९ | सुर्तिजन्य उद्योग | | १००० |
| ५० | होटल लज रेष्टुरेन्ट | होटल र लज | १००० |
| | | भोजनालय | ३०० |
| | | मिठाइ पसल | ३०० |
| | | पार्टी प्यालेस | १००० |
| | | रेष्टुरेन्ट-बार | २००० |
| | | चिया र खाजा पसल | २०० |
| | | खाना, खाजा, नास्ता पसल (मदिरा सहित) | १००० |
| ५१ | टेन्ट हाउस | | ५०० |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर,
प्रदेश नं. २,

| | | | |
|---|---|---|---|
| ५२ | संचार | एफ.एम. प्रसारण | १००० |
| | | केबल च्यानल प्रसारण | १००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ३०० |
| | | फोटोकपी, पि.सि.ओ. साइबर तथा क्याफे | ५०० |
| | | कुरियर सेवा | ३०० |
| | | कलर ल्याव/फोटो स्टुडियो | ३०० |
| ५३ | वित्तिय कारोवार | वाणिज्य बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | ५०० |
| | | विकास बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | ३००० |
| | | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १००० |
| | | वित्तीय/ऋण सहकारी संस्था | ५०० |
| | | मनी ट्रान्सफर | ५०० |
| | | बिमा कम्पनी | १००० |
| | | लघुवित्त | १००० |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | १०००० |
| | | क्लिनिक तथा ल्याव | १००० |
| ५५ | पशुपन्छी फार्म | दर्ता | १००० |
| | | नविकरण | ३०० |
| ५६ | मासु पसल दर्ता | | ५०० |
| ५७ | चस्मा पसल | | ४०० |
| ५८ | शिक्षा सेवा निजी | क्याम्पस | १०००० |
| | | मा.वि./उ.मा.वि. | ५००० |
| | | आधारभुत | ३००० |

पकहाँमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७४

| | | | |
|---|---|---|---|
| | | प्राथमिक | ३००० |
| | | छात्रावास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | पूर्व प्राथमिक | २००० |
| | | ट्यूशन सेन्टर | ५०० |
| | | कम्प्युटर/नृत्यकला सिकाइ केन्द्र | ५०० |
| | | तलिम तथा अनुसन्धान केन्द्र | ५०० |
| ५९ | मर्मत सम्भार | टायर-टयुव मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ३०० |
| | | इन्जिन मर्मत | ५०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | ५०० |
| | | टि.भि., फ्रिज, मोटर, पङखा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाइल | ५०० |
| | | मोटरसाईकल मर्मत | ५०० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन | १००० |
| ६० | ड्राइ क्लिनिक, व्यूटी पार्लर तथा सैलुन | | २०० |
| ६१ | फुल बिरुवा पसल | | २०० |
| ६२ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ३०० |
| | | अन्तराष्ट्रिय | ५०० |

## अनुसूची (५)

### जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर:

| क्र.सं. | विवरण | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | | ० | ० |

पकहाँमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७४

## अनुसूची (६)

### सवारी साधन कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | सवारी साधन दर्ता शुल्क | सानो, ठुलो, हेवि | ० |
| २ | पटके सवारी कर | सानो, ठुलो, हेवि | ५,१०,२० |

## अनुसूची (७)

### विज्ञापन कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | २०० प्रति स्क्वायर |
| | | सार्वजनिक स्थानमा विद्युतिय विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | ३०० प्रति स्क्वायर |

## अनुसूची (८)

### मनोरञ्जन कर

| क्र.सं. | विवरण | | | आ.व. २०७८/०७९ |
|---|---|---|---|---|
| १ | मेला लगाउने | | | १००० |

## अनुसूची (९)

### बहाल बिटौरी शुल्क:

| क्र.सं. | विवरण | | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| 1 | हाटबजार कर | प्रत्येक पसल प्रति दिन | २० |
| 2 | बहाल बिटौली कर | टहरो छाप्रो मासिक | १००० |
| | | घुम्ती मासिक | ५०० |
| | | ठेला मासिक | ३०० |

## अनुसूची (१०)

### पार्किङ शुल्क

| क्र.सं. | विवरण | | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १ | मोटरसाईकल | | ५ |
| २ | लाईट गाडी | | १० |
| ३ | हेभी गाडी | | २० |

## अनुसूची (११)

### ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर न्याफ्टीङ्ग शुल्कः

| क्र.सं. | विवरण | | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | | | ० |

## अनुसूची (१२)

### सेवा शुल्क, दस्तुरः

| क्र.सं. | विवरण | | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | १० कट्ठा सम्म | १०० |
| | | १० देखि २० कट्ठा सम्म | २०० |
| | | २० कट्ठा देखि माथि | ५०० |
| २ | मोही लगत कट्टा सिफारिस | एका संगोलको मोही कट्टा सिफारिस | २०० |
| | | अन्य मोही कट्टा सिफारिस | ५०० |
| ३ | मोही नामसारी | | ३०० |
| ४ | घरवासको जग्गाको सिफारिस | | २०० |
| ५ | घर कायम सिफारिस | १० कट्ठा भन्दा माथिको | २०० |
| ६ | सरजमिन मुचुल्का सिफारिस दस्तुर | साधारण | २०० |
| | | उद्योग वाव्यवसाय प्रयोजन | १५०० |
| | | ईट्टा भट्टाको लागि | १०००० |
| ७ | छात्रवृति सिफारिस | | ० |
| ८ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | | ० |

पकहामैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७४

| | | | |
|---|---|---|---|
| ९ | अपाङ्गता भएको सिफारिस | | ० |
| १० | अस्थायी बसोबास सिफारिस | | १०० |
| ११ | स्थायी बसोबास सिफारिस | | १०० |
| १२ | नागरिकता सिफारिस | वंशज/जन्म | ० |
| | | अंगिकृत | ५० |
| १३ | नागरिकता संशोधन सिफारिस | | १०० |
| १४ | विद्युत जडान सिफारिस | | ५० |
| १५ | धारा जडान सिफारिस | | ५० |
| १६ | जीवित रहेको सिफारिस | | ५० |
| १७ | दुवै नाम गरेको व्यक्ति एक हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | १०० |
| १८ | व्यवसाय बन्द सिफारिस | | १०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | | १०० |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | | १०० |
| २१ | कोर्ट फी मिनाहा सिफारिस | | ५० |
| २२ | नाबालक परिचयपत्र सिफारिस | | १०० |
| २३ | चौपाया सम्बन्धि सिफारिस | | ५० |
| २४ | आदिवासी/जनजाती/मधेशी/दलित/पिछडावर्ग/विपन्नता भएको अपाङता भएको सिफारिस | | ० |
| २५ | विदेश अध्ययनको लागि जग्गा मूल्याङ्कन | | ०.०५ |
| २६ | कपाली तमसुक प्रमाणित गर्नुपर्ने भएमा | | ०.१० |

## अनुसूची (१३)
## पर्यटन शुल्क

| क्र.सं. | विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|

पकहाँमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं.२, नेपाल २०७३

| १ | | ० |
|---|---|---|

## अनुसूची (१४)
## निकासी कर

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | पकेको ईटा निकासी | प्रतिईटा २५ पैसा |
| २ | काचो ईटा निकासी | प्रतिईटा १० पैसा |
| | मटो निकासी | प्रति घमि १० रुपया |
| | वालुवा निकासी | प्रति घमि १५ रुपया |
| | रोडा निकासी | प्रति घमि २० रुपया |
| | ग्राभेल निकासी | प्रति घमि १५ रुपया |

## अनुसूची (१५)
## नक्सापास तथा अभिलेखीकरण दस्तुर

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | फुसको घर( टाटी माटोको) | ५० |
| २ | काचो ईटा र माटो जाडाई | १०० |
| ३ | पाको ईटा र माटो जोडाई जस्ता वा टायल वा खपटा छाना | २०० |
| ४ | पाको ईटा र माटो जोडाई डि.पि.सि. छाना | रु १ प्रति स्क्वयर फिट |
| ५ | पाको ईटा, सिमेन्ट जोडाई जस्ता वा टायल वा खपटा छाना | रु १ प्रतिस्क्वयर फिट |
| ६ | पाको ईटा र सिमेण्ट जोडाई डि.पि.सि. छाना | रु २ प्रति स्क्वयर फिट |
| ७ | पाको ईटा र सिमेण्ट जोडाई पिलर सिष्टम आर. सि. सि. | रु ४ प्रति स्क्वयर फिट |
| ८ | काठको घर जस्ता वा टायल वा खपटा छाना | ५०० |

## अनुसूची (१६)

पकडीमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७३

## अन्य आम्दानी

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | माछा पोखरी ठेक्का | रु १प्रति स्क्वयर मिटर |

## अनुसूची (१७)
## अन्य आम्दानी

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | विविध आम्दानी (पछी शिर्षक खुल्ने) | १०० |

## अनुसूची (१८)
## माछा पोखरी आय ठेक्का आम्दानी (५ वर्षको लागि मात्र)

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | मधुबनी टोलमा रहेको पोखरी | ६० लाख |
| २ | खेश्राहा टोलको पोखरी | ५० लाख |
| ३ | लहावरथकरी टोल | २५ लाख |
| ४ | गोन्हा पोखरी | १२ लाख |
| ५ | गुलरी पोखरी | ५ लाख |
| ६ | सुर्जाहा टोलको सानो पोखरी | ३ लाख |

## अनुसूची (१९)
## पसलको सटर आम्दानी

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|
| १ | सटर | ३०००/- प्रति महिना |

## अनुसूची (२०)
## गाडी घोडा भाडाबाट आम्दानी

रु.

| क्र.सं. | विवरण | आ.व. २०७८/०७९ |
|---|---|---|

पकहाँमैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं.२, नेपाल २०७३

| | | |
|---|---|---|
| १ | जे.सी.बी. प्रति घण्टा (तेल बाहेक) | १३०० |
| २ | टिपर प्रति किलोमिटर (तेल बाहेक) | ७५ |
| ३ | ट्रेक्टर प्रति कि.मी. (तेल बाहेक) | ५० |
| ४ | एम्बुलेन्स (कार्यालयले तेल बेहोर्ने) | भिस्वा : ५००<br>पोखरीया : ५००<br>विरन्चिबर्वा: ५०० वीरगंज: ८००<br>रक्सौल: १००० |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३